बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

सिन्धुली

(कार्यक्षेत्रः- सिन्धुली र रामेछाप)

## समुदायमा आधारीत एक वडा एक उत्पादन कार्यक्रम संचालन सम्वन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०८/१०**

पशु सेवा कार्यालय, सिन्धुलीको आ.व. २०८१/०८२ मा स्वीकृत बार्षिक कार्यक्रम अनुसार समुदायमा आधारित "एक वडा एक उत्पादन" कार्यक्रम संचालनका लागि यस कार्यालयको कार्यक्षेत्र सिन्धुलीको मरिण गाउँपालिकाको वडा नम्वर २ मा **माछापालन** र रामेछाप जिल्लाको मन्थली नगरपालिकाको वडा नम्वर १ मा **गाईपालन कार्यक्रम** स्वीकृत रहेको हुँदा तोकिएको क्षेत्र भित्रका इच्छुक कृषक समुह/सहकारीहरुले यो सूचना प्रकाशित मितिले २१ दिन (२०८१/०८/३० गते) भित्र आवश्यक कागजात सहित कार्यालय समय भित्र यस कार्यालय वा यस कार्यालयको सेवा केन्द्र मन्थली रामेछापमा आवेदन दर्ता गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै म्याद नाघी वा रित नपुगी दर्ता हुन आएका प्रस्तावहरुलाई कार्यक्रममा सहभागी गराउन नसकिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिलः

१. रु.१० को हुलक टिकट टास गरेको अनुसूची २ बमोजिमको निवेदन।

२. अनुसूची ४ बमोजिम कार्यक्रमको संक्षिप्त कार्ययोजना।

३. कार्यक्रम संचालनको लागि गरिने प्रमुख क्रियाकलप तथा अनुमानित लागत ढाँचा अनुसारक प्रत्येक सदस्यहरुको संग्लन्न राख्ने।

४. अनुसूची ५ बमोजिमको स्व-घोषणा पत्र।

५. समुह/सहकारीको निर्णय र प्रत्येक सदस्यहरुको नागरिक्ताको प्रतिलिपी।

६. संस्था दर्ता/पान (स्थायी लेखा नं.)/भ्याट/ आ.व.२०८०/०८१ को लेखापरिक्षण/कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।

७. समुह/सहकारीमा कम्तिमा २५ जना वा सो भन्दा बढी सदस्य हुनुपर्ने र कार्यक्रम निरन्तरता भएको क्रममा सदस्य थप गर्दै लैजान सकिने।

८. जग्गाको लालपूर्जा र जग्गा भाडामा भए कम्तिमा १० बर्षको करार नामा सम्झौता पत्रको प्रतिलिपी।

९. स्थानिय तहको सिफारिस पत्र।

**प्रत्येक सदस्यहरुले कार्यक्रम संचालनका लागि गरिने प्रमुख क्रियाकलाप तथा अनुमानित लागत विवरण पेश गर्नुपर्ने छ।**

| क्र.सं. | क्रियाकलाप | इकाई | परिणाम | दर | कुल लागत |
|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास (निर्माण कार्य) | | | | |
| २ | औजार उपकरण (पशुपन्छी तथा मत्स्य) | | | | |
| ३ | उत्पादन सामाग्री/बस्तु (पशुपन्छी तथा मत्स्य) | | | | |

नोटः सूचनामा उल्लेखित कार्यक्रमको बिस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ९८५४०४१७८५ र ९८४५८४८०४३ मा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

साथै कार्यक्रमको कार्यविधिहरु यस कार्यालयको वेवसाईट vetsindhuli.bagamati.gov.np बाट डाउनलोड गरि हेर्न सकिने जानकारी गराईन्छ ।

नवराज थापा

पशु चिकित्सक (आठौं)

नि. कार्यालय प्रमुख